प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/२९

(बेलुका ५:०० बजे)

❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा ४४२, मकवानपुरमा ७०, चितवनमा ३१, ललितपुरमा ३०, भक्तपुरमा २४, काभ्रेपलान्चोकमा १४, धादिङमा ८, नुवाकोटमा ३, काभ्रेपलान्चोकमा ७, रामेछापमा १ र सिन्धुलीमा १ गरी जम्मा ६२४ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा) कार्य भईरहेको छ ।

- काठमाण्डौ-१५, स्वयम्भु निवासी ६१ वर्षिया महिलाको मिति २०७७ भाद्र २८ गते विहान १२:१३ बजे नर्भिक अस्पताल, थापाथलीमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र २६ गते अस्पताल भर्ना भएकी निजको सोही दिन कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-२५, असन निवासी ७७ वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते राती ८:३० बजे चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान, वीर अस्पतालमा निधन भएको छ । ज्वरो तथा श्वासप्रश्वासमा समस्या भई भाद्र २७ गते अस्पताल आउँदा निधन भैसकेको निजको भाद्र २८ गते स्वाव संकलन गरी परिक्षण गर्दा सोही दिन कोरोना पुष्टी भएको थियो ।

- नागार्जुन-५, काठमाण्डौ निवासी ६२ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते विहान ११:५ बजे नेपाल प्रहरी अस्पताल, महाराजगंजमा निधन भएको छ । निजको भाद्र २१ गते कोरोना पुष्टी भएको थियो । त्यस्तै काठमाण्डौ-५, हाँडीगाउँ निवासी ७३ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते विहान ४:४० बजे ग्रान्डी इन्टरनेशनल अस्पतालमा निधन भएको छ । निमोनिया तथा श्वासप्रश्वासमा समस्या भई भाद्र १५ गते अस्पताल भर्ना भएका निजको भाद्र १६ गते कोरोना पुष्टी भएको थियो (निज उच्च रक्तचाप तथा मधुमेहका समेत विरामी रहेको) ।

- काठमाण्डौ-१३, छाउनी निवासी ८५ वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते राती १०:०५ बजे नेपाल भारत मैत्री अस्पताल, चावहिलमा निधन भएको छ । निमोनिया तथा श्वासप्रश्वासमा समस्या भई भाद्र २६ गते अस्पताल भर्ना भएका निजको सोही दिन कोरोना पुष्टी भएको थियो (निज मधुमेहको समेत विरामी रहेको) । काठमाण्डौ निवासी ७० वर्षिय पुरुषको मिति २०७७ भाद्र २७ गते श्री विरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । भाद्र २७ गते कोरोना पुष्टी भएका उनी मधुमेह, उच्च रक्तचाप तथा मृगौलाका बिरामी थिए ।

- रामेछाप निवासी २३ वर्षिय पुरुषको मिति २०७७ भाद्र २८ गते श्री विरेन्द्र अस्पताल, छाउनीमा निधन भएको छ । निजको भाद्र २८ गते कोरोना पुष्टी भएको थियो । मध्यपुर थिमी-९, भक्तपुर निवासी ७३ वर्षिय पुरुषको मिति २०७७ भाद्र २९ गते विहान २:३० बजे ग्राण्डी इन्टरनेशनल अस्पतालमा निधन भएको छ । ज्वरो, खोकी तथा श्वासप्रश्वासमा समस्या भएका निज मेघा अस्पतालबाट भाद्र २९ गते प्रेषण भई ग्राण्डी इन्टरनेशनल अस्पतालमा भर्ना भएका निजको भाद्र २५ गते कोरोना पुष्टी भएको थियो (निज दमका विरामी समेत रहेको) ।

- त्यस्तै ललितपुर, ढोलाहिटी निवासी ५५ वर्षिय पुरुषको मिति २०७७ भाद्र २८ गते राती ११:४० बजे पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । ज्वरो, खोकी तथा श्वासप्रश्वासको समस्या भई भाद्र १५ गते अस्पताल भर्ना भएका निजको गते कोरोना पुष्टी भएको थियो (निज मृगौलाका रोगी समेत रहेको) ।

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको उनन्तीस प्रतिशत (२८.८०%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ५५३२९ (१००%) | १५९३६ (१००%) |
| निको भएको | ३९५७६ (७१.६%) | ७८१९ (४९.१%)* |
| उपचाररत | १५३९३ (२७.८%) | ८००० (५०.२%)* |
| मृत्यु भएको | ३६० (०.६५%) | ११७ (०.७३%)* |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२९ ; - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/२९

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ८७०४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ४६७ जना बस्दै आउनुभएको र १२९१ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ । यस प्रदेशमा ३२२६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३३८४ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ८११३४ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका* | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४ | २६४६६ | ४४२ | १००३५ |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | २३५७ | ३० | ११९४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | १४० | ७२९५ | २४ | १०३१ |
| रसुवा | २५५ | १३ | ० | ३५ | १ | ८४२ | | २० |
| नुवाकोट | ९५३ | ४५ | २९ | ४० | ११ | ४०६५ | ३ | १२५ |
| धादिङ | ३१५ | १० | २३ | ११२ | ३८ | २९६१ | ८ | ३३१ |
| चितवन | २४६५ | ६४ | ४६८ | ३५५ | ५४७ | १५७७९ | ३१ | १३४४ |
| सिन्धुली | ३९२ | २२ | १० | ४३ | २ | २६०६ | १ | १०१ |
| मकवानपुर | ४०७ | २४ | ४ | २१७ | १२२ | ७७०८ | ७० | १०५२ |
| रामेछाप | ४९० | ६५ | ४९ | ९८ | १२ | १३२९ | १ | ११७ |
| दोलखा | २०३ | १४ | ६ | ४४ | ७ | २०५६ | | ९५ |
| काभ्रेपलान्चोक | ९०९ | ३९ | ८९ | २५९ | ११८ | ४१२० | १४ | ३६३ |
| सिन्धुपाल्चोक | ७८९ | २१ | १०१ | ५६ | ४ | ३५५० | | १२८ |
| **जम्मा** | ८७०४ | ४६७ | १२९१ | ३२२६ | ३३८४ | ८११३४ | ६२४ | १५९३६ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


### ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २२४८८ | १६२ | २४१ | ९५ जनाः मकवानपुर-७०, चितवन-१, रौतहट-१, फलोअप-२३ | १४६ | |
| धुलिखेल स्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ४२८९ | १५७ | २१२ | १५ जनाः काठमाण्डौ-५, काभ्रेपलान्चोक-२, भक्तपुर-१, ललितपुर-१, पर्वत-१, सुर्खेत-१, दाङ-१, फलोअप-३ | १९७ | |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२८

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/२८

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश:** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्र:** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा:** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन/नेपाल:** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई